निर्णयहरु

“एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७५ स्वीकृत गर्ने” विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/२३/१३८ -२०७५/१२/२१ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

१. दफा ४ उपदफा १ को सट्टा देहाय वमोजिमको दफा ४ उपदफा १ राख्ने-

“(१) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौट, वितरण तथा व्यवस्थापन गर्न प्रदेशस्तरमा देहाय वमोजिमको व्यस्थापन तथा सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| महाशाखा प्रमुख, उच्च शिक्षा महाशाखा | संयोजक |
| महाशाखा प्रमुख, स्वास्थ्य सेवा महाशाखा | सदस्य |
| अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय, | सदस्य |
| शाखा प्रमुख, शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा | सदस्य |
| शाखा प्रमुख, सामाजिक विकास शाखा | सदस्य |
| शाखा प्रमुख, उच्च शिक्षा शाखा | सदस्य सचिव ।” |

२. दफा ६ को उपदफा १ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्ने -

“(ख) यस कार्यविधि वमोजिम उपलब्ध गराइने छात्रवृत्ति मध्ये कूल वार्षिक लक्ष्य र कार्यक्रम अन्तर्गत निर्धारित छात्रवृत्ति संख्याको ७०% ले हुने छात्रवृत्ति प्राविधिक विषय (चिकित्साशास्त्र, कृषि, वन, पशु विज्ञान, इन्जिनियरिङ्ग र शिक्षा) र ३०% ले हुने छात्रवृति अप्राविधिक विषय (विज्ञान, मानविकी, व्यवस्थापन, कानून) को स्नातक तहकमा अध्ययनरत विद्यार्थीहरुलाई उपलव्ध गराइनेछ ।”

३. दफा १० को उपदफा ५ को खण्ड (ज) को सट्टा देहाय वमोजिम खण्ड (ज) राख्ने-

“(ज) यस छात्रवृत्तिका लागि छनोट भै सिफारिस भएका विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.५०,०००।- एकमुष्ट उपलव्ध गराइनेछ ।”

४. दफा ५ को उपदफा २ मा रहेको तालिकाको क.सं. ४ को लक्षित समूह महलमा रहेको “राउटे” भन्ने शव्द पछि “राजी” भन्ने शव्द थप गर्ने ।

५. दफा १३ को उपदफा १ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्ने-

“(ग) प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै सरकारी निकाय वा गैरसरकारी संघ संस्थाहरुवाट जुनसुकै छात्रवृत्ति प्राप्त गरिरहेको ।”

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश